# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/११/०४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

रुपन्देही जिल्ला साविक भगवानपुर गाउँ विकास समितिको कार्यालयको लागि आ.व. २०६८/०६९ र आ.व. २०६९/०७० अवधिको सामाजिक सुरक्षा भत्ता शीर्षकमा निकासा भएको रकम गा.वि.स. सचिव तुंगनाथ यादव समेतले दुरुपयोग गरेको भन्ने समेतको उजुरीको सम्बन्धमा अनुसन्धान हुंदा, साविक भगवानपुर गा.वि.स.को कार्यालय, रुपन्देहीमा कार्यरत तत्कालिन गा.वि.स. सचिवहरु तुंगानाथ यादब, प्रदुम्न प्रसाद कुर्मी र मुखिया सुग्रीम कुर्मीले आ.व. २०६८/०६९ र आ.व. २०६९/०७० मा सामाजिक सुरक्षा भत्ता शीर्षकमा निकासा भएको रकम आ-आफ्नो पदीय दायित्व विपरित बदनियतपूर्वक मृत्यु भएका व्यक्तिहरु समेतलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको भर्पाई बनाई आफूहरुलाई गैरकानुनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानुनी हानी पुऱ्याउने बदनियतले काम गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टी हुन आएको हुँदा गा.बि.स सचिव तुंगनाथ यादबको हकमा रु. ३,५९,०००।- (तीन लाख उनान्साठ्ठी हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर र सोही दफाले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम दण्ड सजाय; तत्कालिन गा.वि.स सचिब प्रदुम्न प्रसाद कुर्मीको हकमा रु १,८०,०००।- (एक लाख असी हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर र सोही दफाले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा(१) को देहाय (घ) बमोजिम दण्ड सजाय र तत्कालिन मुखिया सुग्रीम कुर्मीको हकमा रु. ५,३९,०००।-(पाँच लाख उनान्चालिस हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर र सोही दफाले निर्देश गरे बमोजिम दफा ३ को उपदफा १ तथा दफा ३ को उपदफा(१) को देहाय (ङ) बमोजिम दण्ड सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता